खण्ड-५ संख्या-९ मिति २०७८।०५।१२

**भाग-२**

# छत्रकोट गाउँपालिका
# गाउँकार्यपालिकाद्धारा प्रकाशित

# लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधिः- २०७८

# छत्रकोट गाउँपालिका
# गुल्मी जिल्ला

लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधिः- २०७८

कार्यपालिकाबाट पारीत मितिः **२०७८/०५/०९**

<u>पस्तावनाः</u>

छत्रकोट गाउँपालिका अवस्थित विभिन्न वडाहरुमा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सशर्त अनुदानमा सञ्चालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA)को सञ्चालन निर्देशिका २०७७ को दफा २६ अनुसार गठित लघु उद्यमी समूह र उद्यम दर्ता सम्वन्धि प्रावधान को दफा ४७ ले दिएको अधिकार अनुसार कानुनी मान्यताका लागि सो लघु उद्यमी समूह दर्ता गर्न वान्छनीय देखिएकाले छत्रकोट गाउँपालिकाले यो कार्यविधि तयार पारेको छ।

१.संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधि २०७८ रहेको छ।

ख) यो कार्यविधि छत्रकोट गाउँपालिकाको गाउँकार्यपालिका वाट स्वीकृत भए पश्चात लागु हुनेछ।

२.परिभाषाः-विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधि अनुसार

क) "गाउँपालिका" भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ।

ख) "लघु उद्यमी "भन्नाले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका-२०७७ अनुसार नाफा कमाउने उद्देश्यले प्रचलिल कानुन वमोजिम सम्वन्धित निकायमा दर्ता गरी उद्योग /व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

ग) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (क) वमोजिमको लघु उद्यम सम्झनु पर्छ।

घ) "लघु उद्यमी समूह" भन्नाले गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा २६ वमोजिम सम्पूर्ण प्रकृया अनुसार व्यक्तिगत वा सामूहिक रुपमा निश्चिचत उद्यम/व्यवसाय सञ्चालन गर्ने गरी गठित कम्तिमा ५ देखि ११ जना सम्मको समूह सम्झनु पर्छ।

ङ) "कार्यसमीति"भन्नाले लघु उद्यमी समूह गठनका क्रममा चयन गरिएको कार्यसमीति सम्झनु पर्छ।

च) "मासिक वैठक र वचत" भन्नाले प्रत्येक लघु उद्यमी समूहहरु प्रत्येक महिनाको तोकिएको दिन र समयमा सम्वन्धित समूहको अध्यक्षको अध्यक्षतामा वैठक वसी प्रत्येक सदस्यहरु द्वारा गरिने सामूहिक वचत भनी सम्झनु पर्छ।

छ) "उद्यम/व्यवसाय" भन्नाले कार्यक्रम सञ्चालन निर्देशिका २०७७को दफा २७ अनुसार उद्यमशिलता विकास तालिम लिएका सहभागिहरु मध्येवाट व्यवसायिक योजना ,छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आवद्ध गरी दफा २८ वमोजिम आवश्यकता अनुसार छोटो, मध्यम वा लामो अवधिको सीप विकास तालिम लिई व्यक्तिगत, साझेदारी वा सामूहिक रुपमा गरिने पेशा सम्झनु पर्दछ।

ज) "वजारीकरण" भन्नाले लघु उद्यमी मार्फत उत्पादित वस्तु/सेवाका लागि लघु उद्यमी समूह , सहकारी ,खरिद गर्ने संस्था, समूदाय वा सम्वन्धित व्यक्ति सँग वजार सम्वन्ध विकासका लागि सहजकर्ता र सम्वन्धित वडा एवम् गाउँपालिका द्वारा गरिने आवश्यक सम्पर्क समन्वय तथा सहकार्य भन्ने वुझ्नु पर्छ।

झ) "लघु उद्यमी समूह/व्यवसाय दर्ता" भन्नाले कार्य विधिको दफा २६ अनुसार गठन भई दफा २७ वमोजिम उद्यमशिलता विकास तालिम लिएका सहभागिहरु मध्यवाट व्यवसायिक योजना ,छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आवद्ध गरी आवश्यकता अनुसार छोटो मध्यम वा लामो अवधिको सीप विकास तालिम लिई व्यक्तिगत साझेदारी वा सामूहिक रुपमा गरिने पेशा/व्यवसायको अभिलेख सम्झनु पर्दछ।

ञ) "दर्ता शुल्क" भन्नाले प्रत्येक लघु उद्यमी समूहको छुट्टाछुट्टै अभिलेख राख्दा लाग्ने न्यूनतम शुल्क वुझ्नु पर्दछ।प्रत्येक समूह दर्ताका लागि नियमानुसार लाग्ने शुल्क सो समूहले गाउँपालिकालाई उपल्वध गराउनु पर्नेछ।

ट) "प्रमाण पत्र" भन्नाले लघु उद्यमी समूह दर्ता गरिए वापत गाउँपालिकाले सो लघु उद्यमी समूहलाई प्रदान गर्ने प्रमाण पत्र सम्झनु पर्छ।प्रत्येक समूहलाई गाउँपालिकाले एकएक प्रति प्रमाण पत्र उपलब्ध गराउनेछ।

ठ) "कर" भन्नाले दर्ता गरी लघु उद्यमी समूहले व्यक्तिगत तथा सामूहिक रुपमा सञ्चालन गरेको उद्यम/व्यवसाय वापत लाग्ने न्युनतम शुल्क भनी सम्झनु पर्छ।प्रत्येक लघु उद्यमी समूहहरुले वार्षिक रुपमा नियमानुसार न्यूनतम शुल्क कर वावत गाउँपालिकालाई उपलव्ध गराउनु पर्ने छ।

ड) "दर्ता नविकरण" भन्नाले पहिले दर्ता भैसकेको लघु उद्यमी समूहलाई कानुनी रुपमा निरन्तरता दिनका लागि गरिने पुर्नर अभिलेख सम्झनु पर्छ।प्रत्येक लघु उद्यमी समूह दर्ता नविकरणका लागि प्रत्येक लघु उद्यमी समूहले गाँउपालिकाले तोकेको दस्तुर गाउँपालिकालाई उपलव्ध गराउनु पर्नेछ।

ढ) "सेवा सुविधा" भन्नाले दर्ता गरिएका लघु उद्यमी समूहहरुको (SWOT) विश्लेषणका आधारमा माग र आवश्यकता पहिचान गरी उद्यम/व्यवसायको स्तरोन्नति एवम् विस्तारका लागि सो लघु उद्यमी समूहलाई प्रदान गरिने एड्भान्स सीप विकास तालिम,अनुदान रकम तथा उपयुक्त प्रविधि भनी सम्झनु पर्दछ।

२).कार्य समितिको वैठक र निर्णय

(१)समितिको वैठक सामान्यतया महिनाको एक पटक वसी तोकिएको रकम वचत स्वरुप सङ्कलन गर्नेछ।

(२)समितिको वैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा वस्नेछ र त्यस्तो वैठकको सुचना कम्तिमा सात दिन अगावै सदस्यहरुलाई जानकारी दिनु पर्नेछ।

(३)समितिको कुल सदस्य मध्ये ५१% सदस्यहरुको उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ तर गणपुरक संख्या नपुगी दोस्रो पटक वोलाउनु पर्ने भएमा एक तिहाई सदस्यको उपस्थिति गणपुरक सदस्य मानिनेछ।

(४)वैठकको अध्यक्षता समूहका अध्यक्षले गर्नेछ।यदि अनुपस्थित रहेमा उपाध्यक्ष र उपाध्यक्षको पनि अनपस्थितमा समितिको सदस्यहरु मध्यवाट सवै भन्दा जेष्ठ सदस्यले गर्नेछ।

(५) वैठकमा छलफल गरिने विषय र त्यसको क्रम अध्यक्षले तोकिय वमोजिम सचिवद्वारा गरिनेछ।कार्य समितिका कुनै सदस्यले कुनै विषयमा पेश गरेको प्रस्ताव उपर पनि छलफल गर्न सकिनेछ।

(६)वैठकमा पेश भएका विषयहरुको निर्णय सामान्यतया साधारण वहुमतको आधारमा हुनेछ।मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णाक मत दिनेछ।

(७) कार्यसमितिले आवश्यक देखेमा कुनै विशेष व्यक्तिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) कार्यसमितिको वैठकमा सदस्य स्वयम अनिवार्य उपस्थित हुनुपर्नेछ।यदि कारण वस उपस्थित हुन सम्भव नदेखिएमा कम्तिमा ३ दिन अगावै सम्वन्धित विषयमा जानकारी गराउनुपर्नेछ।

(९) सम्वन्धित कार्यक्षेत्र हेर्ने उद्ययम विकास सहजकर्ताले प्रत्येक लघु उद्यमी समूहले तोकिएको समयमा वैठक वसे/नवसेको ,वचत सङ्कलन गरेको नगरेको ,वचतको उचित सदुपयोग भए नभएको जानकारी लिई माग र आवश्यकता पहिचान गरी थप नयाँ लघु उद्यमी सहकारी गठनका लागि आवश्यक सहजीकरण र समन्वय गर्नुका साथै थप एड्भान्स सीप विकास तालिम ,अनुदान र उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरणका लागि समेत आवश्यक सहयोग गर्नु पर्नेछ।

३) संस्था/समूह दर्ताको लागि निवेदन

(१) ऐन वमोजिम दर्ता गर्न चाहने व्यक्तिहरुले पाँच सय रुपैया दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसुचि -१ मा तोकिएको ढाँचामा निवेदन दिनुपर्दछ।

(२) उपनियम १ वमोजिम संस्था/समूह दर्ताका लागि निवेदन दिंदा दफा ९ मा उल्लेखित आवश्यक कागजातहरु अनिवार्य संलग्न गर्नुपर्नेछ।

४)संस्था/समूह दर्ता र प्रमाण-पत्रः-

(१) नियम ३ वमोजिमको निवेदन प्राप्त भएपछि प्रमूख प्रशासकीय अधिकृतले आवश्यक जाँचवुझ गरी संस्था/समूह दर्ता गर्न उचित ठानेमा अनुसुचि -३ वमोजिमको ढाँचामा दर्ता कितावमा समूह दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरिसकेपछि अनुसुचि-४ वमोजिमको ढाँचामा संस्था /समूह दर्ता को प्रमाण-पत्र दिनु पर्नेछ।

(२) दर्ताका लागि प्रमूख प्रशासकीय अधिकृत समक्ष पेस भएको निवेदन उपर अध्ययन गर्दा संस्था/समूह दर्ता गर्न नमिल्ने उचित कारण देखिएमा दर्ता गर्न नमिल्ने जानकारी वा सुचना निवेदकलाई दिनु पर्नेछ।निवेदकलाई त्यस्तो सुचना प्रति चित्त नवुझेमा जानकारी प्राप्त गरेको मितिले ३५ दिन भित्र उक्त निर्णय उपर सम्वन्धित निकायमा उजुरी गर्न सक्नेछ।

(३) उपनियम (२) वमोजिमको उजुरी सम्वन्धमा सम्वन्धित निकाय वाट प्राप्त निर्णय वमोजिम हुनेछ।सम्वन्धित निकायवाट संस्था दर्ता गर्न आदेश गरेमा प्रमूख प्रशासकीय अधिकृत ले संस्था दर्ता गरिदिनु पर्नेछ।

५) संस्था/समूह दर्ताको अवधि नवीकरण दस्तुर र सुचिकृत

(१) नियम -४ वमोजिम गरिएको दर्ताको प्रमाण-पत्रको मान्यता एक आर्थिक वर्ष सम्म रहनेछ।

(२)उपनियम (१) वमोजिम संस्था/समूह दर्ता मान्यता कायम रहने अवधि समाप्त भएको मितिले ३ महिना भित्र सम्वन्धित समूह दुई सय पचास रुपैया तिरी प्रमुख प्रशासकीय अधिकृत तथा निजले तोकेको अधिकारीवाट दर्ताको प्रमाण-पत्र नविकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) वमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको  मनासिव कारण देखाई दर्ताको प्रमाण पत्र नविकरण को लागि आवेदन आएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले

तोकेको अधिकारीवाट उपनियम (२) वमोजिम लाग्ने दस्तुरमा देहाय वमोजिमको थप दस्तुर लिई नविकरण गरी दिन सक्नेछ।

(क) उपनियम (२) वमोजिमको म्याद नाघेपछि थप तिन महिना सम्मको लागि थप रु. ५०

(ख)खण्ड २ (क) को म्याद नाघे पछि थप ३ महिना (पुष सम्म) रु १०० र त्यसपछि आषाढ मसान्त सम्मको लागि थप रु.१५० लाग्नेछ ।

(ग) खण्ड (ख) को म्याद नाघे पछि प्रत्येक वर्ष रु. २५० का दरले थप जरिवाना र तोकिए अनुसारको दस्तुर लाग्नेछ।

(घ) पाँच वर्ष सम्म संस्था/समूह नविकरण नभएमा स्वतः खारेजी भएको मानिनेछ।

(४) उप नियम (२) मा जे जस्तो कुरा लेखिएता पनि कुनै संस्थाले वढीमा ५ वर्ष सम्मको लागि एकै पटक संस्था दर्ता प्रमाण-पत्र नविकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृत तथा निजले तोकेको अधिकारीले त्यस्तो त्यस्तो समूह /संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि १२५ रुपैया दस्तुर लिई एक मुस्ट ५ वर्ष सम्मको लागि दर्ता प्रमाण-पत्र नविकरण का लागि रु.६२५ लाग्नेछ।

(५) दर्ता प्रमाण-पत्र नविकरण गर्ने संस्था/समूहले निवेदन दिंदा समूह /संस्था नविकरण गर्ने निर्णय सहित कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ।

(६) उपनियम (३) र (५) वमोजिम दर्ताको प्रमाण-पत्र नविकरण गरेको जानकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले संघीय तथा प्रदेश कानुनले तोकेको नियम अधिकारीलाई दिनु पर्नेछ।

(७) प्रचलित ऐन कानुन वमोजिम परिधि भित्र रहेर विगतका अन्य निकायमा दर्ता भई यस गाउँ क्षेत्रलाई कार्य क्षेत्र वनाई सञ्चालनमा आएका तथा हुन आउने संस्था / समूह नविकरणका लागि सिफारिस माग गर्न आएमा र कार्य क्षेत्र का लागि अनुमति माग्न आएमा यस छत्रकोट गाउँपालिकामा सुचिकृत पछिमात्र सिफारिस र कार्य क्षेत्र अनुमति दिईने छ।त्यसरी नविकरण सिफारिस गर्दा आवश्यक कागजात पेश गर्नु पर्नेछ।

(८) यस गाउँपालिकालाई कार्य क्षेत्र वनाई काम गर्ने लघु उद्यमी समूहले यो कार्य विधि स्वीकृत भएको मिति ले ६ महिना भित्रमा यस गाउँकार्यपालिकाको कार्यालयमा सुचिकृत हुनु पर्नेछ।सुचिकृतको निवेदन अनुसुचि ५ र सुचिकृत प्रमाण पत्र अनुसुचि ६ वमोजिम हुनेछ।

६) समूहको साझेदारी र स्वीकृतः-

(१) प्रत्येक लघु उद्यमी समूहको कार्य प्रगति,माग तथा आवश्यकता वमोजिम समूहले दिएको निवेदन र प्राथमिकताका आधारमा विभिन्न एड्भान्स सीप विकास तालिम ,अनुदान,उपयुक्त प्रविधिमा पहुच तथा हस्तान्तरण एवम् उत्पादित वस्तु /सेवाको वजारीकरमामा यस गाउँपालिकाले आवश्यकता अनुसार साझेदारीमा गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत भैरहेका उद्यमीहरुको स्तरोन्नतिका विभिन्न तालिम/कार्यक्रम सञ्चालन गर्नेछ।

७) समूहको वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः-यो कार्य विधि अनुसार सञ्चालन भएका र सञ्चचालन हुने लघु उद्यमी समूह हरुले आफूले वर्ष

भर गरेको कामको वार्षिक प्रगति प्रतिवेदन र आम्दानी खर्च को विवरण हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र यस गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। प्रगति प्रतिवेदन र आय -व्याय विवरण तयार गर्दा सम्वन्धित कार्य क्षेत्र हेर्ने उद्यम विकास सहजकर्ताको सहयोग लीन सकिनेछ। आय व्याय विवरण पेश नगरेमा सम्वन्धित लघु उद्यमी समूहलाई जरिवाना का साथै दर्ता खारेजी सम्म गर्न सकिनेछ।

८) यो कार्यविधि लागु हुनु भन्दा पहिले अन्य निकायमा दर्ता भएका तथा दर्ता नै नभएका संस्थाको नविकरण तथा दर्ता सम्वन्धि व्यवस्थाः-यस गाउँपालिकालाई कार्य क्षेत्र वनाई विगतमा अन्य निकायमा दर्ता भई लघु उद्यमी समूह नविकरणका लागि सिफारिस माग आएमा सम्वन्धित निकायमा दर्ता गरेको सक्कल प्रमाण पत्रको आधिकारिक प्रतिलिपि यस कार्यालयमा पेश गरी नविकरण गरेरमात्र यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्रम सञ्चालन गर्न पाउनेछन् साथै दर्ता नै नभएका लघु उद्यमी समूहले आवश्यक कागजात सहित दर्ता गर्नका लागि गाउँपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

९) लघु उद्यमी समूह सुचिकृत सम्वन्धि व्यवस्थाः-

(१) (क) छत्रकोट गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सवै लघु उद्यमी समूहहरु हरेक आर्थिक वर्ष यस गाउँपालिकामा सुचिकृत गर्नु पर्नेछ।

(२) उपनियम १ (क) वमोजिम सुचिकृत हुने सम्वन्धित लघु उद्यमी समूहको मान्यता एक आर्थिक वर्ष सम्मको हुनेछ।

(३) उपनियम १ र २ वमोजिम सम्वन्धित लघु उद्यमी समूहको सुचिकृत गर्दा रु. २५०।-शुल्क लाग्नेछ।

१०) समूहको नियमन तथा अनुगमनः-यस गाउँपालिकालाई कार्य क्षेत्र वनाई यस कार्य विधि अनुसार दर्ता भई वा स्वीकृति लिई काम गर्ने सम्वन्धित लघु उद्यमी समूहको नियमन अनुगमन गर्न सक्नेछ।प्रत्येक लघु उद्यमी समूहको व्यवसायिक अवस्था ,आर्थिक प्रगति,उत्पादित वस्तुको गुणस्तर नियन्त्रण,नियमित व्यवसायिक परामर्श का लागि गाउँकार्यपालिकाले सम्वन्धित कार्य क्षेत्र हेर्ने उद्यम विकास सहजकर्तालाई आवश्यक निर्देशन वमोजिम जिम्मेवारी दिन सक्नेछ।

११) यो कार्यविधिको व्याख्याः-यस कार्यविधिमा प्रस्ट उल्लेख नगरिएका वा व्यवस्था नभएका विषयमा व्याख्या गर्ने अधिकार प्रचलित कानुन वमोजिम हुने र संसोधन ,निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

१२) खारेजी तथा वचाउः-यो कार्यविधि लागु हुनु पुर्व लघु उद्यमी समूह दर्ता तथा परिचालन सम्वन्धमा भएका काम यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ।

## परिच्छेद-१

## मापदण्ड

१) संस्था/समूहको नामः-..............हुनेछ।
२) ठेगानाः-यो लघु उद्यमी समूह छत्रकोट गाउँपालिका वडा नं.- .......... .............मा सञ्चालित छ।
३) समूहको कार्य क्षेत्रः- छत्रकोट गाउँपालिका वडा नं....... .............
४) सदस्य संख्याः-५ देखि ११ जना सम्मको रहन सक्नेछ।
५) संस्था/समूहको छाप र चिन्हः-प्रचलित कानुनको प्रतिकुल नहुने गरी सम्वन्धित लघु उद्यमी समूहको छुट्टै छाप र चिन्ह रहनेछ।

## परिच्छेद-२

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः-

(१) अध्यक्षको काम कर्तव्य र अधिकार

- समीतिको वैठको अध्यक्षता गर्ने।
- सचिव तथा कोषाध्यक्षलाई आवश्यक निर्देशन दिने।
- समूहका तर्फवाट प्रतिनिधित्व गर्ने गराउने।
- समीतिको निर्णय कार्यान्वयन गराउने।
- आवश्यकता अनुसार आफूमा निहित अधिकार प्रत्योजन गर्ने।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार

- अध्यक्षको अनुपस्थितिमा वैठको अध्यक्षता गर्ने
- अध्यक्षको कार्यमा सहयोग पुर्याउने।
- समूहको हितमा हुने कार्य गर्ने।

(३) सचिवको काम कर्तव्य र अधिकार

- अध्यक्षको निर्देशन अनुसार वैठक वोलाउने।
- समितिको सुचना दिने
- समितिले पारित गरेको निर्णयको अभिलेख राख्ने र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने।
- समूहको माग र आवश्यकता अनुसार वार्षिक कार्यक्रम पेस गर्ने।
- समूहको वार्षिक प्रगति विवरण तयार गरी पेस गर्ने।
- समितिको निर्णय क्रमवद्ध रुपमा दुरुस्त राख्ने
- समूहको उद्देश्य प्राप्तिका लागि कुनै व्यक्ति वा संस्था सँग आवश्यक सम्पर्क राख्ने तथा राख्न लगाउने।

- समूह/संस्थासँग सम्वन्धित कुराहरुको सम्वन्धमा कुनै अड्डा अदालत जाने कानुन व्यवसायी सँग सल्लाह लिने जस्ता कार्य गर्ने गराउने।
- कार्य समितिले निर्देशन गरे वमोजिम कार्य गर्ने
- नेपाल सरकार तथा कुनै दातृ निकायमा पेस गर्नु पर्ने प्रतिवेदन तयार गर्न लगाउने।
- समूह/संस्थाको हितमा हुने अन्य कार्य गर्ने गराउने।

(४) कोषाध्यक्षको काम कार्य र अधिकारहरु

- समूह / संस्थाको आय -व्यायको विवरण दुरुस्त राख्ने तथा राख्न लगाउने
- वार्षिक आर्थिक प्रतिवेदन तयार गरी समीतिमा पेस गर्ने
- समूहको आय स्रोत जुटाउन सकृय रही सोही वमोजिम कार्य गर्ने गराउने
- समूहको लेखा सम्वन्धि जिज्मेवारी लिने।

(५) सदस्यको काम कर्तव्य र अधिकारः-समूहका सदस्यहरुले समूहको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्न कार्य समीतिले निर्देशन गरे वमोजिम का कार्य गर्नेछन्।

७) कार्य समितिका पदाधिकारी र अन्य सदस्यको काम ,कर्तव्य र अधिकार

- समुहको आगामी वर्षको माग,आवश्यकता र औचित्यका आधारमा थप एड्भान्स सीप तालिम,अनुदान तथा उपयुक्त प्रविधि माग गर्ने।
- समूह/संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने।

- समुहका कुनै एक सदस्यलाई केहि समस्या आईपरेमा सो समस्या समाधानका लागि सम्वन्धित निकायमा सामूहिक रुपमा माग राख्ने।
- समूहले सामूहिक रुपमा निर्माण गरेको आचारसंहिताको पूर्ण रुपमा पालना गर्ने।

## परिच्छेद-३

समुहको दर्ताको उद्देश्यहरुः-

- सामूहिक वचत तथा वचतको उचित परिचालन गराउने।
- लघु उद्यमी समूहहरुलाई कानुनी रुपमा मान्यता दिने।
- निरन्तर रुपमा उद्यम/व्यवसाय सञ्चालन गरेको/नगरेको भनी आवश्यक जानकारी लिने।
- सहजकर्ता मार्फत उद्यम/व्यवसायको स्तरोन्नति तथा विस्तारका लागि नियमित अनुगमन,व्यवसायिक परामर्शका सेवा उपलव्ध गराउने।
- लघु उद्यमी समूहको माग र आवश्यकता अनुसार लघु उद्यमी सहकारी संघ र साझा सुविधा केन्द्र/कोसेली घर (Communiety Facility Center -CFC) स्थापनाका लागि आवश्यक समन्वय गर्ने।
- लघु उद्यमी समूहको माग र आवश्यकता वमोजिम एड्भान्स सीप विकास तालिम,अनुदान तथा उपयूक्त प्रविधिको पहुँच सहित अन्य एकिकृत सेवा प्रदान गर्ने।

९) लघु उद्यमी समूह दर्ताका लागि समूहले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः

- तदर्थ समितिको निवेदन

- कार्यसमीतिको निर्णय
- प्राविधिक सीप विकास तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति
- पासपोर्ट साईजको फोटा १/१ प्रति
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र १ प्रति

## परिच्छेद-४

१) समूहको कोष तथा खाता सञ्चालनः- सम्वन्धित लघु उद्यमी समूहको छुट्टै कोष हुनेछ।कोषमा लघु उद्यमी समूहका सदस्यहरुद्वारा गरिने मासिक वचत तथा वाह्यिय अनुदान पर्नेछ।सो खाताको सञ्चालन सम्वन्धित लघु उद्यमी समूहका अध्यक्ष,सचिव र कोषाध्यक्षको संयूक्त दस्तखतवाट सञ्चालन गरिनेछ।

२) लघु उद्यमी समूहको लेखापरिक्षणः-

(क)लघु उद्यमी समूहको आय-व्यायको लेखापरीक्षण प्रचलित कानुन वमोजिम हुनेछ।

## अनुसुचि-१

नियम ३ को उपनियम (१) सँग सम्वन्धित

निवेदन पत्रको ढाँचा

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

चोयगा,गुल्मी।

विषयः-समूह दर्ता गरिपाउँ ।

हामीले ..............................................................लघु उद्यमी समूह दर्ता गर्न चाहेकाले छत्रकोट गाउँपालिकाको लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधि -२०७८ वमोजिम समूह दर्ता गर्नका लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

१.लघु उद्यमी समूहको नामः-

२.लघु उद्यमी समूहको उद्देश्यहरुः-

(क).........................................................................

(ख)......................................................................

(ग).........................................................................

३. लघु उद्यमी समूहको कार्य क्षेत्रः-

..................................................................

४. कार्य समितिको सदस्यहरुकोः-

क.सं नाम ठेगाना
पेसा

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

११.

५.आर्थिक स्रोतः-

६.लघु उद्यमी समूहको ठेगानाः-

७.सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं..............................
..............................................................................................

निवेदक

अनुसूचि-२

लघु उद्यमी समूह दर्ता किताव

नियम ४ को उपनियम (१) सँग सम्वन्धित

समूह/संस्था दर्ता किताव

छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय चोयगा गुल्मी,श्री..........................................................लघु उद्यमी समूहलाई छत्रकोट गाउँपालिका क्षेत्रमा गरिवी निवारणका लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ मा तोकिए वमोजिमका काम गर्ने तथा आवश्यकता अनुसार सहकार्य गर्ने प्रयोजनका लागि छत्रकोट गाउँपालिकाको लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधि -२०७८ को नियम ४ को उपनियम (१) वमोजिम ...............साल..............महिना...........गतेमा दर्ता गरिएको छ।

समूह/संस्थाको नामः-

संस्था/समूहको दर्ता नं.-

ठेगानाः-

संस्थाको उद्देश्यः-

१.

२.

३.

संस्थाको आर्थिक स्रोतः-

सदस्य संख्याः-

अध्यक्षको नामः- सम्पर्क नं-

अभिलेख तयार गर्ने रुजु गर्ने स्वीकृत गर्ने

अनुसूचि-३

लघु उद्यमी समूहलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

(नियम ४ को उपनियम (१) सँग सम्वन्धित)

समूह दर्ता प्रमाण-पत्र

छत्रकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,चोयगा गुल्मी

मितिः-

समूह दर्ता प्रमाण-पत्र नं.-

च.नं.

प्रमाण-पत्र

श्री अध्यक्ष ज्यू......................छत्रकोट गुल्मी।

मिति .................................को निर्णय अनुसार श्री ........................................................नामक लघु उद्यमी समूह,संस्था/समूह दर्ता सम्वन्धि कार्यविधि २०७८ को दफा ४(३) वमोजिम आज मिति ...................................गते दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

स्थानीय अधिकारीको दस्तखतः-

नाम,थरः-

दर्जाः-

नविकरणः-

सि.नं. मितिः-

नविकरण वाहल रहने मितिः-

अवधिः-दस्तखतः-

कैफियत

अनुसुचि-४

नियम ५ को उपनियम (८) सँग सम्वन्धित

निवेदनको ढाँचा

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

विषयः-सुचिकृत सम्वन्धमा।

मिति २०.................................मा घरेलु तथा साना उद्योग विकास कार्यालय गुल्मीमा दर्ता भई गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रको सहयोगमा सीप विकास तालिम लिई सम्वन्धित उद्यम/व्यवसायलाई व्यक्तिगत/सामूहिक रुपमा सञ्चालन गर्ने उद्देश्यले स्थापना गरिएको ........................................................ लघु उद्यमीले यस छत्रकोट गाउँपालिकामा समूह दर्ता गरी काम गर्न चाहेकाले लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधि २०७८ वमोजिम लघु उद्यमी समूह सुचिकृतका लागि देहायका विवरण खोली निवेदन पेश गरेका छौं।

विवरण

१.लघु उद्यमी समूहको नामः-

२.लघु उद्यमी समूह दर्ता नं. र मितिः-

३.लघु उद्यमी समूहको उद्देश्यहरुः-

(क)

(ख)

(ग)

४.लघु उद्यमीको कार्य क्षेत्रः-

५.लघु उद्यमी समूहको कार्य प्रकृतिः-

६.कार्यसमितिका सदस्यहरुकोः-

| क्र.सं. | नाम | ठेगाना | पेसा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |

७) आर्थिक स्रोतः-

८) लघु उद्यमी समूहको ठेगानाः-

९) सम्पर्क व्यक्ति र फोन नः-

<u>निवेदक</u>

अनुसुचि -५

नियम ९ उपनियम (१) सँग सम्वन्धित

छत्रकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय चोयगा गुल्मी।

लघु उद्यमी समूह सुचिकृत सम्वन्धि प्रमाण-पत्र

मिति २०............................मा ..........................................................मा दर्ता भएको श्री.................................................... लघु उद्यमी समूहलाई छत्रकोट गाउँपालिका क्षेत्रमा गरिवी निवारणका लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ मा तोकिए वमोजिमका काम गर्ने तथा आवश्यकता अनुसार सहकार्य गर्ने प्रयोजनका लागि लघु उद्यमी समूह दर्ता सम्वन्धि कार्यविधि - २०७८ वमोजिम ...........साल..........महिना.........गते सुचिकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

नामः-

दर्जाः-

दस्तखतः-

कार्यालयः-

मितिः-